## नगरप्रमुख श्री विनोद रेग्मीले
## कालिका नगरसभामा प्रस्तुत गर्नु भएको

# कालिका नगरपालिकाको
# आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

**कालिका नगरपालिका**
**रेडक्रसग्राम, चितवन**
०५ असार, २०८१

**कालिका नगरपालिकाका नगर उपप्रमुखज्यू,**

**नगरसभा सदस्यज्यूहरु ।**

1. नेपाली जनताको लोकतन्त्र, गणतन्त्र, समानता र विकासको चाहना अनुरुप पटक पटक भएका विभिन्न आन्दोलनका कारण लोकतान्त्रिक मूल्य एवं मान्यतालाई आत्मसात् गर्दै राज्य प्रणालीको क्रमश: रुपान्तरण हुँदै आएको छ । राज्य प्रणालीको रुपान्तरणसँगै एकात्मक, केन्द्रीकृत ढाँचाको स्वरुपमा आमुल परिवर्तन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका क्रममा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्नुका साथै बेपत्ता तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसै क्रममा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान गर्न चाहन्छु ।

2. कालिका नगरपालिकाका आदरणीय नगरबासी आमा बुवा, दाजु भाई, दिदी बहिनी लगायत समस्त शुभेच्छुकहरूको आशिर्वाद, विश्वास, भरोसा, माया, हौसला एवम् रचनात्मक सहयोगका कारण कालिका नगरपालिकाको **"समृद्ध कालिका, सुखी कालिकाबासी"** भन्ने नाराका साथ नगरपालिकाको समग्र विकास, सुशासन र समृद्धिको यात्रा अपेक्षाकृत रुपमा अगाडि बढिरहेको छ ।

3. **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय दीर्घकालीन सोच र बागमती प्रदेश सरकारको **"सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश"** को दीर्घकालीन सोचसँग तादम्यता गर्दै **नगरको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र सांस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरणमैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने दीर्घकालीन लक्ष्य प्राप्ति गर्न** आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम लक्षित रहनेछ ।

4. समृद्ध कालिका निर्माणको लागि छुवाछुत र सबै खाले जातीय विभेदको अन्त्य गरी धार्मिक रुपले सहिष्णु तथा आर्थिक, सामाजिक र शैक्षिक रुपले समुन्नत समाजको निर्माण गर्न नेपालको संविधान र अन्य प्रचलित कानूनको भावनालाई नै यस नगरपालिकाले आफ्नो मूल नीति सम्झेको छ । गत वर्षहरुमा छोटो अनुभव तथा पर्याप्त तयारीबिना नीति तथा कार्यक्रम ल्याई अगाडि बढेको जनसेवाको यो अविरल यात्रामा आज मेरो कार्यकालको तेस्रो नीति तथा कार्यक्रम दुई बर्षभन्दा बढीको अनुभव यहाँहरुको सुझाव तथा प्रतिक्रिया समेतका

आधारमा आगामी आर्थिक वर्ष २०८१/०८२ को  लागि नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

**5.** जनताका असीमित अपेक्षा, कठिन पहाडी भू-बनोट, बहुजातीय, बहुभाषिक एवम् बहुसांस्कृतिक सामाजिक बनोट, नगरको न्यून आन्तरिक आम्दानी तथा देशव्यापी रुपमा देखिएको आर्थिक सङ्कट, रोजगारी र आय-आर्जनमा आएको सुस्तता तथा समग्र आर्थिक गतिविधिहरुको संकुचन समेतलाई मध्यनजर गर्दा यो आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्न त्यति सहज भइरहेको थिएन, तथापि हामी सिङ्गो नगरकार्यपालिका र नगरसभा हातमा हात राख्दै, एकताबद्ध हुँदै सामुहिक प्रयत्न गर्‍यौँ भने कालिकाको विकास र समृद्धि हाम्रै पालामा सम्भव बनाउन सकिन्छ भन्ने विश्वास र अठोटसाथ नगरपालिकाले गत आर्थिक वर्ष तथा चालु आर्थिक वर्षको अनुभव र यस नगरपालिकामा रहनुभएका संस्थापक जनप्रतिनिधिज्यूहरु, राजनैतिक दल, विभिन्न तह र तप्काका महानुभावहरु, बुद्धिजिवीहरुको मार्गदर्शन, सल्लाह र सुझावलाई समेत समेटेर आगामी आर्थिक वर्ष २०८१/०८२ मा देहाय बमोजिमका नीति तथा कार्यक्रम अख्तियार गर्ने व्यहोरा प्रस्तुत गर्दछु ।

**नगरसभा सदस्यज्यूहरू,**

**<u>सेवा प्रवाह तथा सुशासनः</u>**

**6.** सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्बन गरिएको नेपालको संविधानमा स्थानीय तहलाई जनताको नजिकको सरकारको रूपमा अधिकार र जिम्मेवारी दिइएको छ । नगरबासीहरुको आशातित अपेक्षाहरुलाई पुरा गर्न नगरबासीको कुरा सुन्ने, भावना बुझ्ने, विश्वास र भरोसा गर्न सक्ने वातावरणको विकास गर्दै नगरबासीको मन जित्ने गरी कालिका नगरपालिकाको सेवा सुधार र बिस्तार गरिनेछ ।

6.1. नगरपालिका र वडा कार्यालयहरूबाट प्रदान गरिने सिफारिस, प्रमाणीकरण, व्यवसाय कर दर्ता लगायतका सेवाहरूलाई न्यूनतम सेवा प्रवाह मापदण्डका आधारमा एकरुपता तथा स्पष्टता कायम गर्दै क्रमशः सूचना प्रविधि मार्फत् प्रदान गरिनेछ । नगरपालिकाको सूचना तथा सेवाहरूलाई सहज रुपमा प्रवाह हुने व्यवस्था मिलाइने छ ।

6.2. वडा नं. ९, १० र ११ मा उपभोक्ता समितिसँग सम्झौता, व्यवसाय दर्ता, अपाङ्गता परिचय पत्र वितरण, सामाजिक सुरक्षा भत्ता वितरणका लागि **घुम्ती शिविर मार्फत् नगरबासीको घरदैलोमा सेवा प्रवाह**को निरन्तरता दिइने छ ।

6.3. **जनगुनासो सङ्कलन तथा सुनुवाई**को कार्यलाई सहज र प्रभावकारी बनाइनेछ । नागरिक सहायता कक्षबाट प्रदान गरिने सेवा थप प्रभावकारी बनाईनेछ ।

6.4. **भ्रष्ट्राचार विरूद्ध शुन्य सहनशीलता** अपनाइनेछ । भष्ट्राचारजन्य क्रियाकलापको निगरानी तथा कारवाहीको लागि नागरिक समाज तथा सामुदायिक सङ्घसंस्थासँग हातेमालो गरिने छ ।

6.5. नगरपालिकाबाट भएका सेवा प्रवाहलाई प्रभावकारी बनाउन **चौमासिक रुपमा सार्वजनिक सुनुवाई** गरिने कार्यको निरन्तरता दिइने छ ।

6.6. नगरपालिकामा **नगर प्रहरी बल** गठन गरिएकोमा नगरपालिका भित्रको बजार क्षेत्र व्यवस्थापन, पार्किङ्ग व्यवस्थापन, सार्वजनिक जग्गा, मठ मन्दिर, खोला नाला तथा घोल अतिक्रमण, नदीजन्य पदार्थको अवैध उत्खनन् तथा चोरी निकासी, भवन नक्शा पास, फोहरमैला व्यवस्थापन लगायत नगरपालिकाले नियमन तथा नियन्त्रण गर्नु पर्ने अन्य कार्यहरुमा नगर प्रहरी बलको नियमित परिचालन गरिनेछ ।

6.7. नगरपालिका अन्तर्गतका सम्पूर्ण बिषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई निजहरुको सम्पादन गर्ने कामको आधारमा आवश्यकता पहिचान गर्नुका अलावा पुनर्ताजगी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गरिने छ ।

6.8. नगरपालिकाका जनप्रतिनिधि तथा बिषयगत समितिका पदाधिकारीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु र अन्य साझेदार संस्थाका पदाधिकारीहरुलाई आवश्यकता पहिचान गरी क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिमहरु समेत सञ्चालन गरिनेछ ।

6.9. न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलाप समितिका पदाधिकारीहरु र मेलमिलाप कर्ताहरुको आवश्यकता पहिचान गरी गुणस्तरीय न्याय सम्पादन गर्नका लागि क्षमता अभिवृद्धि तालिमहरु सञ्चालन गरिनेछ ।

6.10. नगरपालिकाको **संगठन तथा व्यवस्थापन (O & M) सर्भेक्षण** गरी प्रत्येक शाखामा आवश्यकताको आधारमा कर्मचारी व्यवस्थापन गरी निजहरुले सम्पादन गर्ने

काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्य विवरण तोकी सेवा प्रवाह चुस्त दुरुस्त बनाउन यसै बर्षमा कार्य थालनी गरिनेछ ।

6.11. बार्षिक खरिद योजना तयार गरी एक वर्षको लागि आवश्यक पर्ने एकै प्रकारका खरिदहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही बोलपत्र विद्युतीय माध्यमको प्रयोग गरी टेण्डर निस्कासन गरिँदै आएकोमा यसलाई अझ परिस्कृत गर्दै लगिनेछ ।

6.12. हालै नियुक्त भएका नगर प्रहरीहरुको क्षमता विकास गरी नगर प्रहरीहरुलाई उपयुक्त ढंगबाट परिचालन गरी नगरबासीहरुलाई प्रदान गरिने सेवामा जोडिने छ ।

6.13. कालिका नगरपालिका जनप्रतिनिधि, कर्मचारी, विद्यालय, शिक्षक, सामाजिक संघ संस्था, सहकारी संस्था , कृषक, लगायत क्षेत्रहरु **उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्ने** परिपाटीको विकास गर्न कार्यविधि तयार गरी कार्य थालनी गरिनेछ ।

6.14. कर्मचारीहरुको उच्च मनोबलका साथ सेवा प्रवाहमा क्षमता अभिवृद्धि गर्न अन्य पालिकाले गरेका असल अभ्यास सिक्न अध्ययन अवलोकन भ्रमण कार्यक्रमको व्यवस्था मिलाइने छ ।

## शिक्षा, युवा तथा खेलकुद :

**7.** आधुनिक विधि र प्रविधिको प्रयोग गरी विद्यार्थीहरुलाई माध्यमिक तह पुरा गर्ने दर वृद्धि गर्ने रणनीति अपनाइ शिक्षामा सवैको पहुँच सुनिश्चित गरी दक्ष तथा सक्षम जनशक्ति उत्पादन गर्ने नीति लिइने छ ।

7.1. वार्षिक योजना अनुसार **नगर शिक्षा योजना निर्माण** गरी शैक्षिक सुधार र बिस्तार गरिने छ । विद्यालयमा विद्यार्थी नियमित गर्न र विद्यालय छाड्ने दर घटाउन **दिवा खाजा कार्यक्रम**लाई **स्थानीय रैथाने उत्पादन**सँग आबद्ध गरी थप व्यवस्थित गरिने छ ।

7.2. आर्थिक तथा सामाजिक रुपले पछाडि परेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन, टिकाउन, सिकाउन र बिकाउन **“मेयर केयर कार्यक्रम (छात्रवृत्ति शैक्षिक सामग्री, पोशाक)”** सञ्चालन गरिने छ ।

7.3. नि:शुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्तिको व्यवस्था एवं स्यानिटरी प्याड वितरण जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

7.4. न्यूनतम गुणस्तरको मापदण्ड निर्धारण गरी सबै विद्यालयका प्रारम्भिक बाल विकास कक्षाहरुको पूर्वाधार विकास तथा शैक्षिक सामाग्रीको उपलब्धता सुनिश्चित गरिने छ ।

7.5. शिक्षकको पेशागत क्षमता विकास गर्न विषयगत  र प्रविधि प्रयोग सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

7.6. विद्यालयमा रहेको विषयगत शिक्षक दरबन्दी अभाव तथा लामो बिदा बस्दा शिक्षक आपूर्ति गर्न गणित, विज्ञान र अंग्रेजी विषय शिक्षण गर्न सक्ने **नगर स्वयंसेवक शिक्षक परिचालन कार्यक्रम**लाई निरन्तरता दिइने छ ।

7.7. विद्यार्थी संख्या, भौगोलिक अवस्था, स्थानीय आवश्यकता र नगरस्तरीय परीक्षाको नतिजा विश्लेषणको आधारमा विद्यालयहरुको मुल्याङ्कन गरी **शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन** कार्यलाई अगाडि बढाइनेछ ।

7.8. दुर्गम वडाका सीमान्तकृत समुदायका बालबालिकालाई छात्राबासको प्रबन्ध गरिनेछ । नगर क्षेत्रका कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरूलाई नगरभित्रै छात्राबास तथा विद्यालयहरूमा निःशुल्क पठनपाठनको व्यवस्था मिलाइनेछ ।

7.9. विद्यार्थीहरुलाई नियमित पठनपाठनका अतिरिक्त अन्य सिर्जनात्मक क्रियाकलापमा संलग्न गराउन एवं अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन **अतिरिक्त क्रियाकलाप सञ्चालन, शैक्षिक प्रदर्शनी, शैक्षिक मेला र शुक्रबारीय सीपशाला** सञ्चालन गरिनेछ ।

7.10. प्रत्येक शुक्रबार विद्यालयमा अतिरिक्त क्रियाकलाप र परियोजना कार्य सञ्चालन गरी  शुक्रबारलाई विद्यालयमा **किताबविहिन दिन (Book Free Day)** को रुपमा व्यवस्थित गरिनेछ । स्थानीय प्राविधिकहरूसँग समन्वय गर्दै माध्यमिक तहका विद्यार्थीहरूलाई सीपशाला सञ्चालन गरी सामान्य मर्मतका काम सिकाइनेछ ।

7.11. वार्षिक शैक्षिक क्यालेण्डर अनुसार नगरस्तरीय खेलकुद, शैक्षिक प्रदर्शनी प्रतियोगिता र अन्य अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ । यसको लागि विद्यालयहरुलाई नगद तथा वस्तुगत सहयोग उपलब्ध गराइनेछ ।

7.12. विद्यालयको शिक्षण सिकाई क्रियाकलाप प्रविधिमैत्री वनाउन सूचना प्रविधिका सामग्रीको व्यवस्था गरिनेछ ।

7.13. कक्षा एकदेखि कक्षा आठसम्मको स्थानीय पाठ्यक्रम **"मेरो प्यारो कालिका"** को पाठ्यपुस्तक प्रकाशन, वितरण र पठन पाठनलाई निरन्तरता दिइनेछ ।

7.14. विद्यालयहरुको भौतिक संरचना र शिक्षण सिकाई अवस्थाको निरन्तर मुल्याङ्कन गर्दै आवश्यकताको आधारमा भौतिक संरचना अपाङ्गमैत्री, छात्रामैत्री र प्रविधि मैत्री तवरले निर्माण, मर्मत संभार तथा सेवा सुविधा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

7.15. विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, कर्मचारी एवं अभिभावक संघका पदाधिकारीहरुको लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

7.16. संस्थागत तथा निजी विद्यालयहरूको प्रभावकारी नियमन गरिनेछ । संस्थागत विद्यालयहरूले प्रत्येक कक्षामा कम्तीमा १० प्रतिशत गरीब तथा विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति दिनुपर्ने अनिवार्य व्यवस्था गरिनेछ ।

7.17. कालिका नगरपालिकाभित्र स्थायी बसोबास गर्ने र सामुदायिक विद्यालयमा अध्ययन गरी प्राविधिक शिक्षा अध्ययन गर्ने छात्र/छात्राहरुलाई प्राविधिक शिक्षा छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

7.18. समायोजनबाट खाली हुने विद्यालयका भौतिक संरचनालाई प्राविधिक शिक्षालयको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन  गरिनेछ ।

7.19. **'गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता'** नाराका साथ स्वस्थ शैक्षिक प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न न्यूनतम गुणस्तरको मापदण्ड निर्धारण गरिनेछ । वार्षिक नतिजा तथा सिकाई उपलब्धि स्तरका आधारमा **विद्यालय, शिक्षक तथा उत्कृष्ट विद्यार्थीलाई सम्मान तथा पुरस्कृत** गरिनेछ ।

7.20. विद्यालयको व्यवस्थापकीय सुधार तथा सिकाई उपलब्धि बढाउन मापनयोग्य कार्य सम्पादन सूचक निर्माण गरी **प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता** गरिनेछ ।

7.21. **"स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद"** राष्ट्रिय नाराका साथ नगरक्षेत्र भित्र खेलकूद पूर्वाधार निर्माण र खेलकूद क्रियाकलाप तथा प्रतियोगिता आयोजना गरी खेलकूदको विकास र प्रवर्द्धन गरिनेछ। नगर खेलकूद विकास समिति गठन गरी एकद्वार प्रणाली मार्फत् खेलकूद क्षेत्रको व्यवस्थापन गरिनेछ।

7.22. **राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता**, **मेयर कप प्रतियोगिता** एवं नगरस्तरीय विभिन्न खेलकूद कार्यक्रमहरुको निरन्तरता दिइनेछ।

7.23. खेलप्रति आकर्षित गर्न र टिकाइ राख्न प्रतिभावान् खेलाडी पहिचान, क्षमता विकास तथा प्रोत्साहन गरिनेछ। मापदण्डको आधारमा जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी हुने र पदक प्राप्त गर्ने **खेलाडीलाई नगद पुरस्कार तथा सम्मान** गरिनेछ।

7.24. क्रमशः "**एक वडा, एक खेलमैदान" र "खुल्ला व्यायामशाला"** बनाउने नीति लिइनेछ। योग ध्यान, मनोरञ्जनात्मक परम्परागत तथा संस्कृतिजन्य खेलकूदको प्रवर्द्धन गरिनेछ।

7.25. शिक्षा, युवा तथा खेलकुदसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी र निजी संस्थाहरुसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

7.26. युवाहरूमा **सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमता विकास** गराइनेछ। परिवार र समाजप्रति जिम्मेवार बनाउन सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण गरिनेछ। विकास निर्माण, वातावरण संरक्षण, सामाजिक सचेतनामा यूवाहरुको सहभागिता बढाउन **यूवा स्वयम् सेवा अभियान** सञ्चालन गरिनेछ।

7.27. नेपाल प्रहरी र गैरसरकारी संस्थासँगको सहकार्यमा **लागू औषध दुर्व्यसन नियन्त्रण कार्यक्रम** सञ्चालन गरिनेछ।

7.28. शैक्षिक अनुसन्धानात्मक कार्यलाई प्रोत्साहन गरिनेछ।

7.29. नगरमा **एक आधुनिक पुस्तकालय**को स्थापना गरिनेछ। प्रत्येक वडा कार्यालयमा समेत बिस्तार गर्दै लैजाने नीति लिइने छ।

**स्वास्थ्य सेवा प्रवाहः**

**8.** कालिका नगरपालिका अन्तरगत रहेका सबै वडाका स्वास्थ्य संस्था तथा नागरिक आरोग्य केन्द्रहरुको सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै कालिका नगर अस्पतालमा विशेषज्ञ सेवा बिस्तार र सुदृढ गर्दै लगिनेछ ।

8.1. बहुक्षेत्रिय पोषण योजना (तेस्रो), सुरक्षित प्रसुति सेवा, बालबालिकाको नियमित खोप, पोषण, कोभिड विरुद्धको खोप सेवा, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम, नगरप्रमुख विपन्न स्वास्थ्य बीमा लगायतका क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ ।

8.2. ८० बर्ष माथिका ज्येष्ठ नागरिक र पूर्ण अशक्त (रातो कार्ड) अपाङ्गता भएका व्यक्तिहरुको घर दैलोमा गइ उपचार गर्ने, सुत्केरी भएका महिलालाई घर घरमा भेट गरी आमा तथा नवजात शिशुको स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

8.3. महिला स्वास्थ्य स्वयंसेविकाहरु, स्वास्थ्य बीमा दर्ता सहयोगी तथा स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राखी समसामायिक ज्ञान तथा सीप सिकाउन विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

8.4. कालिका नगरपालिकालाई आगामी तीन वर्षभित्र **पोषणमैत्री पालिका** घोषणा गर्ने गरी कार्य अघि बढाइने छ ।

8.5. पूर्ण खोप युक्त कालिका नगरपालिकालाई दिगोपना दिइने  र सबै बालबालिकाले पूर्ण खोप पाएको सुनिस्चित गरिनेछ ।

8.6. कालिका नगर अस्पतालको बिस्तार गरी नगर अस्पतालको भवन निर्माण कार्य सङ्घीय सरकारको समन्वयमा अगाडि बढाउन पहल गरिने छ ।

8.7. विपन्न घर परिवारलाई नगरप्रमुख स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराउन **नगर प्रमुख विपन्न स्वास्थ्य बीमा कोष** स्थापना गरी कार्यान्वयन गरिनेछ ।

8.8. स्वास्थ्य संस्थाहरुको भौतिक सुधार गरी सेवा प्रभावकारी बनाइने छ ।

8.9. निःशुल्क वितरण हुने औषधी तथा अन्य सामाग्रीको आपूर्तिलाई सहज बनाइने छ ।

8.10. एच. आइ. भि. एड्स, एम. डि. आर., टि. बि, विषादी न्युनीकरण, मनोसामाजिक समस्या, स्वास्थ्य शिविर सञ्चालन जस्ता क्षेत्रहरुमा संघ/संस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ । आँखा जाँच सेवालाई स्तरीय रुपमा सञ्चालन गर्न आँखा सेवा केन्द्रको प्रभावकारी व्यवस्थापन अगाडि बढाइनेछ ।

## **महिला तथा बालबालिका तथा समाज कल्याण:**

**9.** सङ्घीय सरकारले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई स्थानीयकरण गरी लैङ्गिक उत्तरदायी बजेट तर्जुमालाई सहयोगका लागि लैससास (GESI) र लैङ्गिक उत्तरदायी बजेट (GRB) परीक्षण कार्यलाई निरन्तरता दिइने छ ।

9.1. नगरपालिकालाई वि.स.२०८३ सम्म **बालमैत्री नगर घोषणा** गर्ने अभियानका लागि निर्धारित सूचक पूरा गर्न सहयोग हुने विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

9.2. बालबिवाह विरुद्धको कार्यक्रम, बालश्रम विरुद्धको कार्यक्रम तथा विभिन्न किसिमका हिंसाजन्य कार्यलाइ निरुत्साहित पार्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

9.3. **"उपमेयरसँग बालबालिका कार्यक्रम"** अन्तरगत आमा वा बाबुविहिन, भौगोलिक विकटतामा रहेका, सीमान्तकृत तथा विपन्न बालबालिकाहरुलाई अध्ययनमा सहयोगको लागि निशुल्क शैक्षिक सामग्रीहरु वितरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

9.4. अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण कार्यलाई निरन्तरता साथै अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँचका लागि वडाहरुमा परिचय पत्र वितरण घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

9.5. (मध्यम अपाङ्गता) "ग" वर्गको अपाङ्गता परिचयपत्र भएका व्यक्तिहरुलाई कार्यविधिमा उल्लेख भए अनुसारको भत्ता दिने कार्यलाई निरन्तरता दिइने छ ।

9.6. अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष सीपमुलक कार्यक्रम लागु गरिनेछ ।

9.7. एकल महिलाहरुको लागि विशेष तालिम र आय आर्जन कार्यक्रम सञ्चालन गरिने छ ।

9.8. ज्येष्ठ नागरिकहरुलाई सेवा, सुविधा सहज पहुँचका लागि परिचय पत्र वितरण, स्वास्थ्य परीक्षण, पौष्टिक आहार सहित विश्राम स्थल, धार्मिक भ्रमण, पुस्तान्तरण बीच अनुभव आदान प्रदान तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

9.9. महिला,बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक सम्बन्धी दिवसीय कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

9.10. महिला, बालबालिका, एकल महिला अपाङ्गता भएका व्यक्ति, विपन्न असहाय, दलित आदिबासी, जनजाति तथा सीमान्तकृत समुदायका महिलाहरुलाई टेवासहित

सीपमुलक  कार्यक्रमहरु सञ्चालन गरिने छ ।

9.11. शारीरिक अपाङ्गता रहेका बालबालिकाहरुको व्यवस्थापन, पुनर्स्थापना एवं मूल प्रवाहीकरणका लागि विभिन्न संघसंस्थाहरुसँग सहकार्य गर्ने नीति लिइनेछ ।

9.12. नगर/वडा स्तरमा नेतृत्व विकास तालिम, सचेतनामुलक कार्यक्रम, क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ । लैङ्गिक हिंसा निवारणका लागी हिंसाजन्य दुर्व्यवहार, जोखिममा परेका महिलाहरुलाई तत्काल उद्धार गर्न **लैङ्गिक निवारण कोष** तथा बालबालिकाहरुका लागि **बाल संरक्षण कोष** परिचालन गरिनेछ ।

9.13. किशोर किशोरीहरुका लागि लोकसेवा तयारी कक्षा सम्वन्धी कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिने छ ।

**<u>कृषि तथा पशुपन्छीः</u>**

**10. "आर्थिक समृद्धिको आधार, कृषि तथा पशुपालन क्षेत्र बिस्तार"** को नीति लिई खाद्यान्न, तरकारी , फलफुल तथा दुग्धजन्य र मासुजन्य उत्पादनमा वृद्धि गरी आत्मनिर्भर बनाइनेछ । आधुनिक कृषि प्रविधि तथा उपकरणको प्रयोग गरी निर्वाहमुखी खेती अन्त्य गर्दै व्यवसायीकरण गरिनेछ ।

10.1. कृषि क्षेत्रलाई आर्थिक विकासको प्रमुख संवाहकको रुपमा लिई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषकहरुलाई मल-बिउ वितरणमा अनुदान, प्राविधिक सहयोग र साना तथा मझौला सिँचाई आयोजना सञ्चालन गर्ने नीति लिईनेछ ।

10.2. कृषि क्षेत्रको आधुनिकीकरण गर्न यान्त्रिक उपकरण खरिदमा अनुदान दिने नीतिलाई निरन्तरता दिईनेछ ।

10.3. व्यवसायिक रुपमा कृषि उत्पादन गरी रोजगारी तथा स्वरोजगार सृजना गर्ने र सामूहिक खेती गर्ने कृषक समूहहरुलाई विशेष अनुदान दिईनेछ ।

10.4. कृषि तथा पशुपालन कार्यलाई उद्यमशिलताको रुपमा स्थापना गर्ने तथा नयाँ प्रविधिको लागि तालिम, गोष्ठी, भ्रमण जस्ता कार्यक्रम सञ्चालन गर्नुका साथै व्यवसायिक फर्महरूलाई यान्त्रिकीकरण गर्न अनुदानको व्यवस्था गरिनेछ ।

10.5. व्यवसायिक तरकारी तथा फलफूल उत्पादनलाई थप प्रभावकारी बनाउन प्राविधिक सहयोग, गुणस्तरीय बिउ बिजन/बिरुवा, भण्डारण तथा बजारीकरणमा आवश्यक सहयोगको व्यवस्था मिलाइनुका साथै उन्नत बिउ/बेर्नाको स्रोत केन्द्र

स्थापना गरी सञ्चालन गर्न समूह/सहकारीलाई प्रोत्साहित गरिनेछ ।

10.6. खेतीयोग्य जमिनको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल बिउको अभाव हुन दिईने छैन । कृषि क्षेत्रमा बढ्दो रासायनिक बिषादी तथा रासायनिक मलको प्रयोगले मानव स्वास्थ्य लगायत वातावरणलाई समेत असर पुग्ने भएकोले त्यसको प्रयोगलाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै विषादीका विकल्पहरुको रुपमा प्राङ्गारिक मल र जैविक विषादीको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

10.7. कालिका नगरपालिकालाई फूलमा आत्मनिर्भर बनाउन पुष्प व्यवसाय प्रवर्द्धनको लागि पुष्पखेती गर्ने कृषक, सहकारी संस्था, कृषि फर्म, टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ ।

10.8. बाली संरक्षण र उत्पादन उप्रान्त क्षति न्युनिकरणका लागि कृषकहरुलाई विभिन्न प्रविधि र सिप विकास तालिम आयोजना गरिनेछ ।

10.9. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका पकेट क्षेत्र (तरकारी, मौरीपालन,केरा, च्याउ) सञ्चालनका लागि तोकिएको मापदण्ड र कार्यविधि बमोजिम कार्यान्वयन गरिनेछ ।

10.10. नगरपालिकालाई फलफूल उत्पादनमा आत्मनिर्भर बनाउन विभिन्न फलफूल जस्तै केरा, कागती, ड्रागन फल, मेवा आदिको प्रवर्द्धनमा विशेष जोड दिईनेछ ।

10.11. तेलहन बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत सूर्यमुखी फूल खेतीलाई विशेष प्राथमिकता दिईनेछ ।

10.12. रैथाने बाली उत्पादनका सम्भावित क्षेत्रहरुमा कोदो, फापर, अदुवा, हलेदो, पिँडालु आदिको बिउ उपयोगमा अनुदान दिईनेछ ।

10.13. कालिका नगरपालिकाका किसानहरुको विस्तृत विवरण सहित उचित वर्गीकरण गरी कृषक परिचय पत्र प्रदान गर्ने उद्देश्य राखी किसान सूचीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

10.14. पालिकाभित्र उत्पादन भएका बालीको तथ्याङ्क सङ्कलन गर्नका लागि धान, मकै, गहुँ, तोरी, आलु, आदि बालीको क्रप कटिङ सर्भे गरिनेछ ।

10.15. पशुपन्छीका विभिन्न रोगहरुको निदान, उपचार तथा रोकथाम गरी स्वच्छ उत्पादनमा जोड दिँदै पशुपन्छीलाई आवश्यक पर्ने खोप तथा औषधी उपकरणको व्यवस्था मिलाइने छ ।

10.16. पशुमा नश्ल सुधार गरी उत्पादकत्व वृद्धि गर्नको लागि कृत्रिम गर्भाधान

कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी उन्नत नश्लका पशुहरुको संख्या वृद्धिमा जोड दिइने छ ।

10.17. दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप दुग्ध उत्पादक सहकारी संस्था मार्फत दुध उत्पादनमा दिदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

10.18. उत्पादन लागत कम गर्नको लागि घाँसमा आधारित पशुपालन तर्फ कृषकहरुलाइ आकर्षण गर्न घाँसको बिउ तथा बिरुवा निशुल्क वितरण गरिने छ, साथै, पशु पालन तालिम, घरदैलो पशु उपचार सेवा,पशु स्वास्थ्य शिविर जस्ता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

10.19. आधुनिक पशुपन्छी पालन तथा पशुपन्छीजन्य उत्पादनको लागि आवश्यक यन्त्र, उपकरणहरुमा अनुदान साथै गोठ निर्माण / खोर निर्माण / बायोफ्लक, माछा पोखरी निर्माण तथा सुधारको लागि अनुदान दिने नीतिलाई निरन्तरता दिईने छ ।

10.20. व्यवसायीक पशु पालक कृषक तथा दुग्ध उत्पादक सहकारी संस्थाहरुलाइ स्वच्छ दुग्ध उत्पादन, प्रशोधन, विविधीकरण तथा बजारीकरणमा प्रोत्साहनका साथै आवश्यक तालिमको प्रबन्ध मिलाइने छ ।

10.21. नगरबासीको स्वास्थ्यलाई मध्यनजर गर्दै नगर भित्रका मासु पसल, डेरीजन्य पसलहरुको अनुगमन, मुल्याङ्कन गरी आवश्यकता अनुसार पृष्ठपोषण तथा प्रोत्साहन गरिने छ ।

10.22. नेपाल सरकारले प्राथमिकतामा राखेको जुनोटिक रोग रेबिज उन्मुलनका लागि रेबिज विरुद्दको खोप कार्यलाई प्रभावकारी बनाउदै नगर भित्रका सामुदायिक कुकुर तथा बिरालोहरुको बन्ध्याकरण गरिने छ ।

**11. "कालिकाको सान, विषादीमुक्त खानपान"** भन्ने नाराका आफु पनि विषादी रहित खाने र अरूलाई पनि खुवाउन रासायनिक मलको खपत क्रमशः घटाउदै प्राङ्गारिक मलको प्रयोग गरी खेती गर्न प्रोत्साहित गरिनेछ ।

11.1. अर्ग्यानिक खेती प्रवर्द्धन गर्न प्राङ्गारिक मल, झोल मल र भर्मी कम्पोष्ट मल बनाई प्रयोग गर्ने किसानलाई अनुदान तथा प्राविधिक सहायता प्रदान गरिनेछ ।

11.2. कृषि तथा पशुपालन सहकारीसँग साझेदारी गरी प्राङ्गारिक मल तथा किटनाषक उत्पादन गर्ने उद्योग स्थापना, बिक्री वितरण गर्न सहकार्य गरिनेछ ।

11.3. बैङ्क, वित्तीय संस्था तथा सहकारीहरूलाई अनिवार्य कृषि ऋण प्रवाह गर्न समन्वय गरिनेछ। नगरक्षेत्र भित्रका कृषि तथा बचत तथा ऋण सहकारीहरूलाई ५० प्रतिशत कृषि तथा उत्पादनमुलक उद्योगमा लगानी गर्नु पर्ने व्यवस्था गरिनेछ।

11.4. कृषिक्षेत्र बिस्तार र लागत साझेदारीको आधारमा साना तथा मझौला सतही तथा भूमिगत सिंचाई प्रणाली विकास र बिस्तार गरिनेछ। कृषि प्रयोजनका लागि खनिएका बोरिङ्ग र सतही सिंचाईको मर्मत सम्भारमा आवश्यक सहयोग गरिनेछ।

11.5. मापदण्डको आधारमा उत्कृष्ट किसान तथा पशुपालक छनौट गरी **नगर कृषक सम्मान** प्रदान गरिनेछ।

11.6. पशुपन्छी रोगहरुको रोकथाम / नियन्त्रण गरी स्वच्छ उत्पादनमा जोड दिँदै पशुपन्छीलाई आवश्यक पर्ने खोप तथा औषधी उपकरणको व्यवस्था मिलाइने छ।

11.7. पशुमा उन्नत जातको नश्ल सुधार गरी उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी उन्नत नश्लका पशुहरुको संख्या वृद्धिमा जोड दिइने छ।

11.8. उत्पादन लागत कम गर्नको लागि घाँसमा आधारित पशुपालन तर्फ कृषकहरुलाई आकर्षण गर्न घाँसको बिउ बिरुवामा अनुदान, पशु पालन तालिम, घरदैलो पशु उपचार सेवा,पशु स्वास्थ्य शिविर जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ।

11.9. पशुपन्छी / माछा पालन तथा दुग्ध / मासु / माछा उत्पादनको लागि आवश्यक प्रविधि मैत्री यन्त्र उपकरण गोठ / खोर / बायोफ्लक / माछा पोखरी निर्माण तथा सुधारको लागि अनुदान दिने नीतिलाई निरन्तरता दिईने छ।

11.10. व्यवसायीक पशु पालक कृषक तथा दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई दुग्ध उत्पादन, प्रशोधन, विविधीकरण तथा बजारीकरणमा प्रोत्साहन गरिने छ।

11.11. दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रतिलिटर उत्पादनमा दिँदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ।

11.12. उत्पादित सामाग्रीको बजारको व्यवस्थापन, उचित मूल्य निर्धारण, संरक्षण गर्ने लगायतका कार्यलाई प्राथमिकता दिई उत्पादकत्व वृद्धिमा विशेष जोड दिइनेछ । हाट बजारमा स्थानीय उपज बिक्री गर्न प्रोत्साहित गरिनेछ ।

## खाद्य सुरक्षा तथा खाने बानीः

**12. "मिठो मसिनो खाँउ, पोसिलो खाँउ तर खाना नफालौं"** भन्ने नाराका साथ नगरबासीलाई उत्पादन गर्ने, पोसिलो खाना खाने, खानाको सम्मान तथा बचत गर्ने बानी तथा संस्कार विकास गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

12.1. नगरबासीलाई जग्गा बाँझो नराखी घरघरमा करेसाबारी बनाउन, रैथाने बाली लगाउन र अन्यको मान राख्न, परिवार तथा समुदायमा खाना नफाल्ने संस्कार सिकाउन अनुरोध एवम् प्रोत्साहित गरिनेछ ।

12.2. विवाह, व्रतवन्ध, भोजभतेर, बनभोज तथा पार्टी प्यालेसमा खाना फाल्नेलाई नियमन गर्न कार्यविधि बनाई लागु गरिनेछ । यसको लागि विद्यालय तथा टोलस्तरमा खाद्य सुरक्षा, खाद्य संस्कार (बानी) सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

12.3. आयोजकलाई स्वागतद्वारमै खाना नफाल्न अनुरोध गरिएको तुल, ब्यानर वा सूचना राख्न अनुरोध गरिनेछ ।

12.4. सार्वजनिक स्थलमा धुम्रपान, मध्यपान तथा गुट्खा सेवन गर्न बन्देज लगाईनेछ । नागरिकको स्वास्थ्यमा प्रतिकुल असर पार्ने खाद्य तथा पेय पदार्थको बिक्री वितरण तथा विज्ञापन गर्नेलाई कानून बमोजिम कारवाहीको दायरामा ल्याइनेछ ।

## उद्योग व्यवसाय, उद्यमशीलता विकास, रोजगार तथा आयआर्जन :

**13.** कालिका नगरपालिका क्षेत्रमा घोषणा गरिएको औद्योगिक क्षेत्रलाई सञ्चालनमा ल्याउन संघ/ प्रदेश सरकारसंग समन्वय र निजीक्षेत्रसँग सहजीकरण गरिनेछ ।

13.1. कालिका नगरपालिका क्षेत्र भित्रका उद्योग व्यवसायको सूचीकृत अभियानलाई निरन्तरता दिईने छ । उत्पादन वृद्धि तथा प्रशोधनका लागि संस्था र पालिकाको सहकार्यमा अनुदान उपलब्ध गरिनेछ ।

13.2. स्थानीय श्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी स्थानीय तथा क्षेत्रीय विकासमा उद्यमशिलता क्षेत्रको प्रवर्द्धन गरिनेछ ।

13.3. आगामी वर्षमा २५० जना विपन्न र बेरोजगार व्यक्तिहरुलाई उद्यमी बनाउने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

13.4. सीप विकास प्राप्त गरी व्यवसाय सञ्चालन गरेका र पूँजीको अभावमा व्यवसाय सञ्चालन गर्न नसकेका व्यक्तिहरुलाई पुनर्ताजगी / स्तर उन्नतीका साथै समूहगत रुपमा बिऊ पुँजी उपलब्ध गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

13.5. समुहगत प्रविधि हस्तान्तरण कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

13.6. नगर क्षेत्रभित्र व्यवसायिक तथा प्रशोधित उद्योग स्थापनामा जोड दिईने छ ।

13.7. नवीनतम प्रविधि एवं वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो , सक्षम र भरपर्दो क्षेत्रको रुपमा स्थापित गरिनेछ ।

13.8. स्थानीय स्तरमा उत्पादित सामाग्रीहरुको प्रचार प्रसार र बजारीकरणको लागि **कोशेली घर** निर्माण गरी कोशेली घर व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

13.9. स्वरोजगारीको अवसर सिर्जना गर्न उद्योग व्यवसायमा सिर्जनशील युवा प्रतिभालाई आकर्षित गर्न उद्यमशीलता विकास तथा कुशल उद्यम व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका कृयाकलापलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

13.10. सिन्ती खोला लगायत अन्य स्थानमा रहेका पानी घट्टाको सवलीकरण गरिनेछ ।

13.11. नगर भित्रका व्यापारी व्यवसायीहरुको छाता संगठन कालिका उद्योग वाणिज्य संघ गठन आवश्यक पहल गरिनेछ ।

13.12. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारीको अवसर सिर्जना गरिनेछ । नगरपालिकावाट विनियोजित बजेट कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आवश्कता अनुसार संयोजन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**सहकारी/संघसंस्था:**

**14.** बचत तथा उद्यममा लगानी गर्ने बानी बसाउन गाँउमा छरिएर रहेको पूँजी सङ्कलन, परिचालन तथा वित्तीय साक्षरता बढाउन सहकारी संस्थाहरुको दर्ता अनुगमन तथा नियमन

कार्यलाई प्रभावकारी बनाइनेछ । सहकारीलाई कृषि, उद्यम तथा व्यवसाय गर्न किसानको साथीको रुपमा विकास गरिनेछ ।

14.1. सहकारी दर्ता अनुगमन र नियमन कार्यलाई बढी प्रभावकारी बनाईने छ ।

14.2. सहकारी सस्थाको कारोवार प्रणालीलाई व्यवस्थित गर्ने कोपोमिसलाई अनिवार्य गरिने छ । हरेक सहकारीले आ-आफ्ना विवरण कम्प्युटरमा अनिवार्य राख्ने व्यवस्था मिलाईने छ ।

14.3. सहकारी / सहकारी बीच समन्वय र सहकार्यको वातावरण मिलाईने छ ।

14.4. वित्तीय सुधार तथा आय आर्जनमा सहकारीको लगानी केन्द्रित रहन उद्यमशिलतामा जोड दिइनेछ ।

14.5. गैरसरकारी संघ संस्थाहरुले नगरपालिका क्षेत्रमा कार्य गर्दा अनिवार्य सूचीकृत हुने व्यवस्था लागू गरिनेछ ।

14.6. गैरसरकारी संस्थाहरुले नगरपालिकामा पूर्वाधार निर्माण गर्दा नगरपालिकाको लागत साझेदारीमा गर्ने नीति अवलम्वन गरिनेछ ।

14.7. नगरपालिकाभित्र रहेका टोल विकास संस्थाहरुको क्षमता विकास गर्ने नीति लिइने छ ।

14.8. टोल विकास संस्थाहरुलाई परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।

14.9. मानव सेवा आश्रमसँगको सहकार्यलाई निरन्तरता दिई सडक मानवहरुलाई व्यवस्थित गरिनेछ ।

## <u>पूर्वाधार, पर्यटन र सांस्कृतिक विकास :</u>

**15. सुन्दर शहर, सुरक्षित पूर्वाधार र समुदायको दिगोपना** कायम गर्ने गरी स्थानीय निर्माण सामाग्रीको अधिकतम् प्रयोग गरी भुकम्प प्रतिरोधी, बालमैत्री, लैङ्गिकमैत्री, वातावरण मैत्री आवास निर्माण तथा सहरी पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।

15.1. नगर क्षेत्र भित्रका सडक संरचनाहरुको विकास वाटोको अधिकार क्षेत्रमा आधारित भै Nepal Road Standard २०७० मा रहेका प्रावधानहरुको आधारमा कालोपत्रे वा स्तरउन्नती गर्ने नीति अवलम्बन गरिनेछ ।

15.2. नगर क्षेत्रमा रहेका सडक सञ्जाललाई अझ व्यवस्थित गर्नका लागि पक्की सडक विस्तार तथा पुराना सडकहरुको नियमित मर्मत संभार कार्यलाई उच्च प्राथमिकता दिइने छ ।

15.3. विगत वर्ष देखि नै रहेका रुग्ण ठेक्का आयोजनाहरुको व्यवस्थापन गरिनेछ ।

15.4. समग्र नगर क्षेत्र भित्रको ढल निकासलाई व्यवस्थित गर्न नगर यातायात गुरुयोजनामा आधारित भई सडक पूर्वाधार विकाससँगै ढल निकाससम्बन्धी पूर्वाधारहरुको समेत निर्माणमा प्राथमिकता दिने नीति अवलम्बन गरिने छ ।

15.5. दिगो पूर्वाधार विकासका लागि मर्मत संभार कोषको व्यवस्था गर्ने नीति अवलम्बन गरिने छ ।

15.6. सडक बत्तीलाई व्यवस्थित रुपले सञ्चालन गरिनेछ ।

15.7. यस नगरपालिकावाट सञ्चालन गरिने योजनाहरु सञ्चालन तथा कार्यान्वयन पूर्व उपभोक्ता समितिहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । योजनाहरुलाई थप प्रभावकारी र दिगो वनाउन कार्यक्रमहरु तथा योजनाहरुमा उपभोक्ताहरुको लागत सहभागिता अनिवार्य हुनु पर्ने नीति लिइने छ । यस नगरपालिकावाट सञ्चालित कार्यक्रम तथा योजनाहरुको गुणस्तर कायम तथा सफल कार्यान्वयन गराउन निरन्तर अनुगमन गरिने छ । विनियोजित बजेटलाई सफल कार्यान्वयनको लागि आवश्यक पहल गरिनेछ ।

15.8. नगरबाट सञ्चालित योजनाहरूको गुणस्तर कायम राख्न, दिगो पूर्वाधार निर्माणका लागि वडा तथा नगरस्तरीय अनुगमनलाई थप प्रभावकारी बनाईनेछ । प्रत्येक ठुला योजनाको लागि कार्यशर्तसहित निरन्तर निगरानीको लागि प्राविधिक तोकिनेछ । आफ्नो गाँउ बस्तीमा निर्माणाधिन योजनाको रेखदेख, गुणस्तर नियन्त्रणका लागि स्थानीय उपभोक्तालाई चासो र स्वामित्व लिन प्रोत्साहित गरिनेछ ।

15.9. नगरको विकास र समृद्धिमा कोशेढुङ्गा हुन सक्ने सामाजिक लाभका दृष्टिले अब्बल, वित्तीय रूपमा सम्भाव्य, आर्थिक रूपमा सबल योजनाहरू समावेश गरी **परियोजना बैङ्क** तयार गरिनेछ । यस्तो योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गरी लगानी योग्य अवस्था (रेडी टू इन्भेष्ट) अवस्थामा राखी क्रमशः लगानी

जुटाउने तथा बनाउने नीति लिइनेछ। बस्तीस्तरको योजना तर्जुमा भेलाबाट सङ्कलन भएका योजनाहरूलाई वडा परियोजना बैङ्कको रूपमा राखी क्रमशः लगानी गरिनेछ।

**16.** **"आफ्नो ठाउँ, आफ्नो रोजगार, पर्यटन मार्फत जीवनस्तर सुधार"** गर्ने रणनीति लिई कालिका नगरपालिकालाई सुन्दर, सुरक्षित, रमणीय, पर्यटकमैत्री, आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । पर्यटनलाई आय आर्जन, रोजगारी तथा व्यापार व्यवसाय सँग आवद्ध गरिनेछ।

16.1. समग्र नगर क्षेत्र भित्र ब्यवस्थित पर्यटन विकासका लागी पर्याटन पूर्वाधार विकास अन्तरगत पर्यटन पार्क, झरनाहरु एवं पर्यटकीय स्थलहरुको पहिचान गरी पुर्वाधारहरुको विकास गर्ने नीति अवलम्बन गरिनेछ।

16.2. धार्मिक तथा पर्यटकीयक्षेत्रसम्म पुग्न नक्शाङ्कन, पहुच मार्ग र सङ्केत चिन्ह र पर्यटक सूचना पाटी राखी त्यस्ता स्थल सम्मको पहुँच सहज बनाईनेछ ।

16.3. पर्यटन सम्बन्धी जिल्लास्तरीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय फोरमहरूमा कालिकाको पर्यटन प्रर्वद्धनात्मक सामाग्रीहरू राखीनेछ। स्थानी प

16.4. पर्यटकिय हिसावले महत्वपूर्ण मानिएका झरना (गैरीबारी, सिन्ती तथा चित्राम)हरुको स्तरोन्नती, विकास तथा प्रचारप्रसारको कार्यलाई निरन्तरता दिइनेछ।

**<u>स्थानीय भू-उपयोग, भवन तथा बस्ती विकास:</u>**

**17.** भू-उपयोग योजना अनुसार पूर्वाधार एवं भवन निर्माण तथा बस्ती विकास गर्ने नीति लिईनेछ।

17.1. नगरपालिका क्षेत्र भित्र भवन तथा संरचना निर्माण गर्दा नक्सा पासलाई कडाई साथ लागु गरिनेछ। नक्सा पास प्रविधिमैत्री बनाई अनलाइन घर नक्शापासको व्यवस्था (ई-विपिएस) शुरु गरिनेछ, र विगतको नक्सा पास भएको कागजातहरुलाई डिजिटाइजेशन गरी सुरक्षित राख्ने व्यवस्था गरिनेछ।

17.2. भवन तथा नक्सा पास निर्देशिका जारी भएको अवस्थामा घरनक्शा पास कडाइको साथ लागु गरिनेछ । साथै नगरपालिका घोषणा हुनु पूर्व नक्सा पास नगरी तथा दर्ता नभएको घरलाई र नगरपालिका घोषणा भएपछि पनि नक्सा पास नभएको घरहरुलाई

घर दर्ता गर्ने प्रयोजनका लागि भवन अभिलेखीकरण गर्ने व्यवस्था गरिनेछ ।

17.3. कालिका नगर क्षेत्र भित्र भूकम्प प्रतिरोधी घर निर्माणको लागि तालिम सञ्चालनका साथै भवन संहिता पालनाको लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

17.4. भू-उपयोग क्षेत्र वर्गिकरण अनुसार निर्माण हुने भवन तथा संरचनाहरुको नक्सा पास हुने नीति लिइनेछ ।

17.5. नगरपालिका क्षेत्रको भू-उपयोग नक्शाङ्कन स्वीकृत भए पश्चात् भू-उपयोग वर्गीकरण अनुसार योजना कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । कृषि क्षेत्रमा जग्गा वर्गीकरण भएका कृषकहरुलाई कृषि तथा पशु पालन सम्बन्धी अनुदानमा प्राथमिकता दिइने छ ।

17.6. भू-उपयोग  क्षेत्र वर्गीकरण अनुसार बस्ती विकास नीति तयार गरिनेछ ।

17.7. भू-उपयोग क्षेत्र वर्गीकरण अनुसार वैज्ञानिक तवरले राजश्वका दरहरु कायम गरिनेछ ।

**<u>वन तथा वातावरण विपद् व्यवस्थापन/फोहोरमैला व्यवस्थापन  :</u>**

**18.** “**स्वच्छ कालिका, हरित कालिका**” नारालाई आत्मसात् गर्दै कालिका नगरपालिका भित्रको वन, वातावरण, वन्यजन्तु र जलाधार क्षेत्रको संरक्षण,पोखरी निर्माण, मूल तथा सिमसार संरक्षण, वन तथा वनस्पतिको संरक्षण र दिगो उपयोग मार्फत आय आर्जन,उपयोग, रोजगारी सिर्जनागर्ने गरी **हरित अर्थतन्त्रको** नीति लिइनेछ ।

18.1. बाढी जन्य बिपद व्यवस्थापन सम्बन्धमा बुङखोलाबाट कालिका नगरपालिकाका वडा नं ५, ४, ३, २ र ७ को उत्तरी जंगल सिमाना हुदै सडक कोरिडर सहितको सिंचाई नहर निर्माण गरी उल्लेखित क्षेत्रमा सतह सिंचाइ समेत व्यवस्थापन हुने एवं उत्तरी जंगल क्षेत्रबाट बस्तीतिर हुने वहाव समेत नियन्त्रण गरी खगेडी खोलामा व्यवस्थापन गरिनेछ ।

18.2. कालिका नगरपालिकाका वडा नं ५, ४, ३ र २ क्षेत्रमा पर्ने थाङखोला समेतमा व्यवस्थित नदी नियन्त्रण कार्य गर्दै बुङ्खोला व्यवस्थापन गरी बाढिजन्य विपद व्यवस्थापन न्यूनीकरण गर्ने नीति लिईनेछ ।

18.3. बाढी पहिरो नियन्त्रण र पानीका  श्रोतहरु संरक्षण गर्न जलाधार क्षेत्रमा वृक्षारोपण गर्ने नीति लिईनेछ ।

18.4. स्थानीय बजार व्यवस्थापन समितिहरूसँग समन्वय गरी ३० माइक्रोन भन्दा पातला प्लाष्टिक झोला प्रयोगलाई प्रतिवन्ध लगाई जुट, अल्लो, सुतीका कपडा तथा कागज जस्ता वस्तुबाट बनेका **वातावरणमैत्री झोला** प्रयोगको अभियान सञ्चालन गरिनेछ ।

18.5. वनक्षेत्रबाट नदीजन्य पदार्थ र वन पैदावारको अवैध चोरी निकासी रोक्न सामुदायिक वन तथा सम्वन्धित संस्थासँग आवश्यक समन्वय गरिनेछ ।

**19.** नगरपालिकाको फोहोर मैला व्यवस्थापनका लागि **व्यवस्थित फोहोर संकलन केन्द्र स्थापना**, फोहोर मैला व्यवस्थापनमा टोल विकास समिति परिचालन, प्लाष्टिक जन्य फोहर प्रशोधन प्रविधिको स्थापना, कुहिने फोहर कृषि प्रयोजनका लागी उपयोगी बनाउने र फोहोरलाई मोहरमा रुपान्तरण गर्ने नीति लिईनेछ ।

19.1. पशुपालन गर्ने किसानहरुलाई बायोग्यास निर्माण गरी शौचालय समेत जोड्ने कार्यमा प्रोत्साहन गरी अनुदान समेतको व्यवस्था गर्ने नीति लिईनेछ ।

19.2. फोहर व्यवस्थापनका लागि निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ । सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य गरी सौर्य उर्जा, बायोग्याँस उत्पादन र प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

19.3. नदीजन्य पदार्थहरुको उत्खनन र व्यवस्थीत रुपमा सञ्चालनका लागि नगर क्षेत्रका खोलाहरुको वातावरणीय अध्ययन गरिनेछ ।

19.4. कालिका नगरपालिकाभित्र उत्सर्जन हुने फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक जग्गा / स्थान पहिचान र निर्माण गरी फोहरमैला व्यवस्थापन गरिनेछ ।

19.5. नगरका ११ वटै वडाहरूमा समुदायस्तरमा, विद्यालयहरूमा विपद् न्यूनीकरण, प्रतिकार्य, खोज उद्धार सम्बन्धी सचेतना कार्यक्रम र सिमुलेसन अभ्यासहरू सञ्चालन गरिनेछ । सबै वडामा न्यूनतम विपद् खोजउद्धार तथा राहत सामाग्री मौज्दात राखिनेछ । विपद् उत्थानशिल योजनाको कार्यान्वयन गरिनेछ ।

19.6. विपद् प्रभावितहरूलाई तत्काल राहत, पुनर्स्थापना तथा पुनर्निमाणका लागि विपद् व्यवस्थापन कोषको परिचालन गरिनेछ ।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा :

**20.** व्यक्तिगत घटना दर्ता सम्बन्धि विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

20.1. सामाजिक सुरक्षा भत्ता वितरणमा पूर्ण रुपमा EFT (विद्युतिय भुक्तानी प्रणाली) अवलम्बन गरी सकिएकोमा यसलाई थप प्रभावकारी र सुदृढ गराउन बायोमेट्रिक प्रमाणीकरण प्रणाली व्यवस्थित गरिने छ।

20.2. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली नियमित रुपमा प्रकाशन गरिने छ।

20.3. स्थानिय पञ्जिकाधिकारी तथा पञ्जीकरण सम्बन्धी काम गर्ने कर्मचारीका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ।

20.4. व्यक्तिगत घटना दर्ता तथा यसको अभिलेखको प्रभावकारी ढंगले व्यवस्थापन गर्नका लागि थप पहल गरिनेछ।

20.5. नगरपालिकाका सवै नागरिकहरुलाई घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गराउनको लागि महिला स्वयंसेविका र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई परिचालन गर्ने र बालबालिकाहरुलाई दिइने दोस्रो खोपका लागि अनिवार्य रुपमा जन्मदर्ता प्रमाण-पत्र पेश गर्नुपर्ने व्यवस्था मिलाउने गरी पाँच वर्षभित्रका सबै बालबालिकाहरुको जन्मदर्ता गर्ने व्यवस्था गरिनेछ।

## जनशक्ति व्यवस्थापन, सूचना प्रविधि तथा विद्युतीय शासन :

**21.** नेपालको संविधान र प्रचलित कानून बमोजिम नगरपालिकालाई प्राप्त अधिकार र कार्य जिम्मेवारीलाई छिटो, छरितो र प्रभावकारी बनाई नगरबासीलाई अनुभुत हुने गरी काम गर्न सक्ने गरी जनशक्ति प्राप्ति, क्षमता विकास र उपयोग गरिनेछ।

21.1. कालिका नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक सेवालाई सरल, सहज, सुलभ र पारदर्शी बनाई विद्युतीय सुशासन प्रवर्द्धन गरिनेछ।

21.2. डिजिटल शहरी सुरक्षा प्रणालीका लागि जडान भएका सिसिटिभी चुस्त-दुरुस्त राख्न दीर्घकालीन रुपमा मर्मत संभार लगायतका कार्य गर्ने आवश्यक प्रबन्ध गरिनेछ।

21.3. मोबाइल एप्स मार्फत जनगुनासो सुन्ने र नगरपालिकाको सबै गतिविधि हेर्न मिल्ने एप्स सञ्चालनका लागि पहल गरिनेछ ।

21.4. नगरपालिकाको गतिविधि, सूचना तथा जनचेतनामुलक सामाग्री प्रकाशन तथा प्रसारण गर्न स्थानीय सञ्चारमाध्यमहरूलाई प्राथमिकता दिई समन्वय तथा सहकार्य गरिनेछ । राष्ट्रियस्तर सञ्चारमाध्यमबाट प्रकाशन गर्नुपर्ने सूचना प्रकाशनका प्रतिस्पर्धाको आधारमा प्रकाशन तथा छनौट गरिनेछ ।

21.5. नगरको विकास र समृद्धिको लागि सङ्घीय सरकार, प्रदेश सरकार र जिल्ला समन्वय समिति र छिमेकी स्थानीय सरकारहरूसँगको सम्बन्ध थप मजबुत बनाइनेछ । समयबद्ध प्रतिवेदन तथा औपचारिक अनौपचारिक भेटघाट, छलफल र अन्तरक्रिया गरी आपसी सम्वाद, समन्वय तथा सहकार्य परिणाममुखी बनाइनेछ ।

**<u>न्यायिक समिति र मेलमिलाप :</u>**

**22.** नगरभित्रको विवाद नगरभित्रै समाधान गर्ने गरी न्यायिक समिति र मेलमिलाप केन्द्रबाट गरिने विवाद समाधान र मेलमिलापको कार्य विश्वसनीय, न्यायपूर्ण र प्रभावकारी बनाईनेछ ।

22.1. न्यायिक समितिको कार्य सम्पादन व्यवस्थित र सुदृढ ढङ्गबाट अगाडि बढाईने छ ।

22.2. न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलाप समितिका पदाधिकारीहरु र मेलमिलापकर्तालाई आवश्यकता पहिचान गरी गुणस्तरीय न्याय सम्पादन गर्नका लागि क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरु सञ्चालन गरिने छ ।

22.3. न्याय सम्पादनलाई व्यवस्थित बनाउन आफ्नै नयाँ प्रशासनीक भवनमा न्यायिक इजलास तयार गरिने छ ।

22.4. मेलमिलाप केन्द्र अनुगमन कार्य सञ्चालन गरिने छ ।

22.5. अभिलेख/ मिसिल व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिने छ ।

22.6. प्रत्येक विद्यालयमा गुनासो सुनुवाई समिति र कानूनी साक्षरता सम्बन्धमा कार्यक्रम सञ्चालन गरिने छ ।

22.7. नगरस्तरीय अन्तर्क्रिया कार्यक्रम न्यायिक समिति, मेलमिलाप केन्द्र, टोल विकास संस्था, ईलाका प्रहरी लगायतको सहभागितामा तालिम सञ्चालन गरिने छ ।

22.8. अन्य स्थानीय तहले कार्यान्यनमा ल्याएका असल अभ्यासलाई हाम्रो नगरपालिकामा समेत लागू गर्ने प्रयोजनका लागि न्यायिक समिति र मेलमिलापकर्ताहरुलाई अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

**<u>आन्तरिक आयवृद्धि तथा परिचालनः</u>**

**23. "मैले तिरेको कर मेरो नगरको विकास र समृद्धिको लागि"** भन्ने नाराका साथ नगरको आन्तरिक आम्दानीका श्रोतहरूको खोजी, राजश्वको सङ्कलन तथा परिचालन गर्ने नीति लिइनेछ । करले कर होइन नगरको विकास हेर्ने रहरको लागि स्वतस्फूर्त कर तिर्न नगरबासीलाई आह्वान गरिनेछ । वडागत बजेट सिलिङ्गमा आय सङ्कलनको आधारमा प्राप्त हुने बजेट सीमा बढाउँदै लगिनेछ ।

23.1. कालिका नगरपालिकाको समग्र आम्दानीका स्रोत तथा थप स्रोत खोजी गर्ने गरी तयार गरिएको राजश्व सुधार योजना कार्यान्वयनमा ल्याईने छ ।

23.2. कर संकलन प्रणालीलाई सुदृढीकरण गर्दै अनलाईन प्रणाली मार्फत तिर्न सक्ने गरी व्यवस्था मिलाईने छ ।

23.3. नगरपालिकाको आन्तरिक श्रोत वृद्धिका लागि थप क्षेत्र खोजि गरी सुदृढीकरण गरिने छ ।

23.4. नदीजन्य पदार्थ समुचित प्रयोगमा ल्याउने गरी व्यवस्थित गरिने छ ।

23.5. कालिका उद्योग संघ / बजार ब्यवस्थापन समिति / उद्योग बाणिज्य संघसँगको सहकार्यमा कर प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाइने छ ।

23.6. टोल विकास संस्थासँग समन्वय गरी घर नम्बर राख्ने व्यवस्था मिलाइने छ ।

23.7. नगर क्षेत्र भित्र सञ्चालन भएका अटो रिक्सा तथा म्याजिकलाई उचित पार्किङको व्यवस्थापन मिलाइने छ ।

23.8. एकिकृत सम्पत्ति कर लगायत अन्य कर तथा दस्तुरहरु सम्वन्धित वडा कार्यालयमा नै वुझाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

## आर्थिक प्रशासन र लेखा परीक्षणः

**24.** नगरको आर्थिक प्रशासन व्यवस्थित र पारदर्शी बनाईनेछ । आन्तरिक नियन्त्रण प्रणालीको प्रयोग बढाउँदै आन्तरिक लेखा परीक्षण कार्यलाई प्रभावकारी बनाईनेछ ।

24.1. नगरपालिकाको आफ्नो सार्वजनिक खरिद नियमावली तर्जुमा गरी कार्यान्वयन गरिनेछ । खरिद प्रकृयामा विद्युतीय बोलपत्रको प्रयोग अनिवार्य गरिनेछ ।

24.2. नगरको आर्थिक प्रशासन तथा राजश्व प्रशासनमा सुत्र (SUTRA) प्रणालीको पूर्ण प्रयोग गरी व्यवस्थित गरिनेछ । विद्युतीय भुक्तानी प्रणाली मार्फत कारोबारको भुक्तानी गर्नुको साथै नगरको आय-व्यय विवरण मासिक रूपमा प्रकाशन गरिनेछ ।

24.3. आन्तरिक नियन्त्रण प्रणाली लागु गरिनेछ । वित्तीय जोखिम मुल्याङ्कन परीक्षणका आधारमा बजेट तथा खर्च लेखाङ्कन सुधार गरिनेछ ।

24.4. बेरूजु सार्वजनिकीकरण गर्नुको साथै फर्छौट कार्यलाई तदारूक्ताका साथ अगाडि बढाइनेछ । नगर र मातहत कार्यालयको आन्तरीक लेखापरीक्षण कार्यलाई परिणाममुखी बनाईनेछ ।

24.5. वार्षिक बजेट कार्यान्वयनको लागि समय र माइलस्टोन सहितको कार्ययोजना बनाई निर्धारित समयमा कार्यान्वयन गरिनेछ ।

**अन्त्यमा,**

**25.** प्रस्तुत नीति तथा कार्यक्रमको तर्जुमाको क्रममा सामाजिक सञ्जाल, इमेल, पत्राचार, अन्तर्क्रिया कार्यक्रम, क्षेत्रगत सरोकारवालाहरुसँगको बैठकवाट र प्रत्यक्ष भेटघाट गरी आफ्नो अमुल्य राय, सुझाव, दिनु हुने नगरबासीहरु, नागरिक समाज, उद्योगी, व्यवसायी, सामुदायिक वन, टोल विकास संस्थाका प्रतिनिधिहरु, खानेपानी संस्था, सामुदायिक विद्यालयहरु, गैरसरकारी संघ सस्थाका प्रतिनिधिहरु, कर्मचारीहरु सवैलाई धन्यवाद तथा आभार प्रकट गर्दछु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा समेत तपाईंहरुको साथ सहयोग सहकार्य र रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

**26.** प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनवाट नगरको आर्थिक सम्पन्नता, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सिर्जना, उत्पादन वृद्धि हुनुका साथै दिगो पूर्वाधार निर्माण भई आर्थिक सामाजिक रुपान्तरण हुने अपेक्षा गरेको छु ।

धन्यवाद ।

**कालिका नगरपालिका**
रेडक्रसग्राम, चितवन
+९७७-०५६-४१३१२७ +९७७-०५६-४१३१३४ +९७७-०५६-४१३१३५
**www.kalikamun.gov.np / Email: kalikanagarpalika@gmail.com**